# देवानगञ्ज गाउँपालिका
## ५ नं. वडा कार्यालय
साहेवगञ्ज, सुनसरी

१ नं. प्रदेश, नेपाल

### कोटेशन सम्बन्धी दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/०२/२०**

यस कार्यालयको चालु आ.व. २०७६/०७७ मा देवानगञ्ज गाउँपालिका वडा नं. ५ को स्वीकृत योजना तथा कार्यक्र अन्तर्गत तपसिलका योजना तथा निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र नियमावली, २०६४ को नियम बमोजिम कोटेशन माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिन रही सिलबन्दीको माध्यमबाट कोटेशन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित फाराम दस्तुर नगद बुझाई नगदी रसिद वा नगदै बैंक दाखिला यस देवानगंज गा.पा. कार्यालयको नाम रहेको NIC ASIA बैंक इनरुवा शाखाको सञ्चित कोष खाता नं. २४३CA५००२१९१७००६ मा जम्मा गरेको सक्कल भौ निर्माण व्यवासायीले व्यवसाय नविकरण भएको इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी देवानगञ्ज गाउँपालिका वडा नं. ५ को कार्यालय, साहेवगञ्जबाट यो सूचना प्रथम प प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात ८ दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिका वडा नं. ५ को कार्यालय, साहेवगञ्जको नाममा सम्बोधन गरी काम विवरण, कोटेशन दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई लाहाछाप गरी दर्ता गराउनु पर्नेछ

२. दर्ता भएका कोटेशन ८ औं दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र कोटेशन दाता वा निजको प्रतिनिधिहरुको रोहबर देवानगञ्ज गाउँपालिका वडा नं. ५ को कार्यालय, साहेवगञ्जमा खोलिनेछ । निजको प्रतिनिधिहरु उपस्थित नभएमा प कोटेशन खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । कोटेशन बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उ कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ ।

३. कोटेशनमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्य दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको कोटेशन उपर कुनै कारवाही हुनेछैन । दरभाउ पत्र स्वीक गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४(संशोधन सहि बमोजिम हुनेछ ।

६. यो सूचना देवानगञ्ज गाउँपालिकाको वेबसाइट www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| क्र.सं. | निर्माण कार्यको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) रु. | फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सोमबारे तथा शनिबारे हाटमा पिसाब घर निर्माण कार्य | ४,१३,६८५।२८ | १०००।०० | |
| २. | कालो पत्रे देखि पूर्व राकेश साहको घर सम्मको बाटोमा ग्राभेल कार्य | ८५,७३२।०७ | १०००।०० | |
| ३. | स्वास्थ्य चौकी अधुरो कम्पाउण्ड वाल गेट र अधुरो शौचालय निर्माण कार्य | ३४५,५६७।३९ | १०००।०० | |
| ४. | साविक साहेवगंज १ लभटोलिया घाटदेखि उतर जाने बाटोमा माटो पुर्ने कार्य | ८५,३२८।८४ | १०००।०० | |
| ५. | सिमा प्रहरी चौकी पूर्व विरेन्द्र राईको घर सम्म नाला निर्माण कार्य | २,६७,०९१।०० | १०००।०० | |
| ६. | सिमा प्रहरी चौकी अधुरो भवन निर्माण कार्य | १,७४,८३४।४४ | १०००।०० | |

२०७७।०२

दिलिप कुमार साह

वडा सचिव

**दिलिप कुमार साह**

वडा सचिव